# बर्दिवास नगरपालिका

## स्थानीय राजपत्र

खण्ड:     संख्या:     प्रकाशन मिति: २०८१/०९/०५

भाग -

बर्दिवास नगरपालिका

# कर्मचारी स्तर/तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१

CamScanner

# कर्मचारी स्तर/तह वृद्धि सम्बन्धी कार्यविधि २०८१

प्रस्तावना:

मधेश प्रदेश सरकारवाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" मा रहेको स्तर/तह वृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१को दफा१५५ ले दिएको अधिकार प्रयोग गरी बर्दिवास नगर कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम "कर्मचारीस्तर/तह वृद्धि सम्वन्धी कार्यविधि २०८१" रहेको छ।

२. यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भएको मिति वाट प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "ऐन" भन्नाले मधेश प्रदेश सभावाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनुपर्छ।

२. "कार्यालय" भन्नाले बर्दिवास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

३. "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ।

४. "नगरपालिका" भन्नाले बर्दिवास नगरपालिका सम्झनुपर्दछ।

५. "कार्यपालिका" भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

६. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दिवास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

७. "कर्मचारी" भन्नाले स्थानीय सरकारी सेवाको पदमा बहाल रहेको स्थायी कर्मचारी सम्झनु पर्छ र सो शब्दले समायोजन भएका कर्मचारीलाई समेत जनाउँछ।

८. "स्तर/तहवृद्धि" भन्नाले ऐनको दफा ४ र २९ बमोजिम गरिने स्तर/तह वृद्धिलाई सम्झनु पर्दछ।

९. "तह मिलान" भन्नाले ऐनको दफा ८ को उपदफा २२ बमोजिम अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहमा लोकसेवा आयोगवाट २०७६ सालमा सिफारिस भईस्थानीय तहमा नियुक्त भएका अधिकृत छैठौं तहका कर्मचारीहरुलाई नियुक्ति मिति देखि लागू हुने गरि अख्तियारवालाले सातौं तहमा गरिने तह मिलान सम्झनु पर्दछ।

१०. "प्रदेश लोकसेवा आयोग" भन्नाले मधेश प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

११. "स्तर/तह वृद्धि सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ५ वमोजिम गठित सिफारिस समितिलाई सम्झनुपर्दछ।

१२. "मन्त्रालय" भन्नाले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सम्झनु पर्दछ ।

१३. "स्थानीय सेवा" भन्नाले ऐनको दफा३ बमोजिम स्थानीय तहमा रहने स्थानीय सरकारी सेवा सम्झनु पर्दछ।

१४. "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५सम्झनु पर्दछ।

३. सूचना प्रकाशन गर्नेः

१. कार्यविधि बमोजिम बर्दिवास नगरपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह/वृद्धिको लागि आवेदन पेश गर्न प्रत्येक वर्षको जेष्ठ र मंसिर महिनामा कम्तीमा ३० दिनको म्याद दिई दरखास्त आह्वान गरिनेछ।

रामनाथ अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

२. उपदफा १ बमोजिम प्रकाशित सूचना कार्यालयको वेवसाइट र सूचना पाटीमा प्रकाशन गरिनेछ।

४. स्तर/तह बृद्धि सिफारिस समितिः
१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ बमोजिम यस बर्दिवास नगरपालिकामा कार्यरत स्थायी कर्मचारीको स्तर/तह वृद्धि गर्न देहाय बमोजिमको स्तर/तह वृद्धि सिफारिस समिति रहनेछः
(क) पाँचौ तहको स्तर/तह वृद्धिका लागि
१. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तर कर्मचारी - संयोजक
२. स्वास्थ्य शाखाको प्रमुख - सदस्य
३. कर्मचारी प्रशासन शाखाको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव
(ख) सातौ र सोभन्दा माथिको स्तर/तह वृद्धिका लागि
१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी एकजना - सदस्य
३. स्वास्थ्य शाखाको प्रमुख - सदस्य
४. कर्मचारी प्रशासन शाखाको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव
२. समितिको सचिवालयको काम कार्यालयको कर्मचारी प्रशासन शाखाले गर्नेछ।
३. समितिको वैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५.सिफारिस समितिको काम, कर्तव्य र अधिकारः सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ
१. स्तर/तह वृद्धि प्रयोजनको लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम पेश हुन आएका निवेदकहरुको कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने।
२. स्तर/तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित स्तर/तह वृद्धिको लागि नगर प्रमुख प्रशासकीय अधिकृत / कार्यपालिका समक्ष सिफारिस गर्ने।

६.सिफारिसः
१. सिफारिस समितिले अनुसूचि १ बमोजिमको ढाँचामा निवेदन साथ प्राप्त कागजातहरुको जाँच गरी पौष/असार महिना भित्र कार्यालयलाई स्तर/तह वृद्धिको लागि सिफारिस गर्नु पर्नेछ।
२.उपदफा १ बमोजिम सिफारिस गर्दा कर्मचारीको तह वृद्धि हुनुपूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि, शैक्षिक योग्यता तथा ज्येष्ठतालाई आधार मानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ।
३. यस कार्यविधि बमोजिम छैठौ तहसम्म स्तर/तह वृद्धि सिफारिस समितिको सिफारिस बमोजिम स्तर/तह वृद्धि भएका कर्मचारीहरुलाई अनुसूचि २ बमोजिमको ढाँचामा स्तर/तह वृद्धिको पत्र प्रमुख प्रशासकीय अधिकृतले दिनुपर्ने छ ।
४. अधिकृत सातौ र सो भन्दा माथिको हकमा सिफारिस समितिको सिफारिस नगर कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्तर/तह वृद्धिको पत्र दिनुपर्ने छ ।

<u>७.स्तर/तह वृद्धि वा बढुवाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधिः</u>(१)यस कार्यविधि बमोजिम हुने स्तर/तह वृद्धि तथा ऐन बमोजिम हुने बढुवाको लागि ऐनको दफा ४, ८, २८, २९, ३० र ३१ मा तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि पुरा गरेको हुनुपर्नेछ।
(२)ऐनको दफा (८) को उपदफा २२ बमोजिम नियुक्ति मिति देखि तह मिलान भएका कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनलाई स्तर वृद्रि/तह वृद्रिका लागि सातौ तहको कार्य सम्पादन मूल्याङ्कन मानिनेछ।

<u>८.स्तर/तह वृद्धि वा बढुवा रोक्का हुनेः</u> यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको

रामगिरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अवस्थामा कार्यविधिको दफा ४ को उपदफा १ बमोजिमको सिफारिस समितिले [illegible]
भएको तपशिल बमोजिमको अवधि सम्म कर्मचारीलाई स्तर/तह वृद्धिका लागि सिफारिस गरिने छैन।

क. निलम्बन भएकोमा निलम्बन भएको अवधि भर,

ख. स्तर/तह वृद्धि वा बढुवा रोक्का भएकोमा स्तर/तह वृद्धि वा बढुवा रोक्का भएको अवधि भर,

ग. तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधि भर,

घ. ऐनको दफा ४३ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यस्तो सेवा वा समूह परिवर्तन भएको मितिले ३ वर्षको अवधि भर.

ङ. असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदा अवधिभर,

च.स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधि भर।

९.स्तर/तह वृद्धि वा बढुवा नियुक्तिको रोक्का: ऐनको दफा ३३ कोउपदफा (२)मा भएको व्यवस्था विपरित तह वृद्धि वा बढुवा नियुक्ति गरिने छैन।

१०.स्तर/तह वृद्धि कार्यान्वयन:

१. यस कार्यविधिको दफा ५ बमोजिमको समितिको सिफारिसका आधारमा स्तर/तह वृद्धिको निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गर्नुपर्ने छ।

११.ज्येष्ठता कायम सम्वन्धी व्यवस्था:

१. यस कार्यविधि बमोजिम तह वृद्धिको लागि ज्येष्ठता गणना गर्दा स्थानीय सेवाको पदमा वहाल रहेको स्थायी कर्मचारीको सम्बन्धित तहको सेवा समूहको पदमा शुरु नियुक्ति मितिवाट लागू हुने गरी गणना गरिनेछ।

२. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ऐन बमोजिम तह वृद्धिका लागि ज्येष्ठता गणना गर्दा ऐनको दफा २८ को उपदफा १,२ र ३ बमोजिम गणना गरिनेछ ।

१२. जानकारी दिनुपर्ने :यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिनभित्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लोकसेवा आयोग, मुख्यमन्त्री तथा मन्त्रि परिषदको कार्यालय, राष्ट्रिय किताव खाना (निजामती), प्रदेश किताव खाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१३.बाधा अड्काउ फुकाउने अधिकार:यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ।

१४.उजुरी/गुनासो: ऐन र यस कार्यविधि बमोजिम भएको तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा निर्णय सार्वजनिक भएको मितिले १५ दिनभित्र प्रदेश लोकसेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

१५. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

रामनाथ अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अनुसूची १

(कार्यविधिको दफा ७ को १ सँग सम्बन्धित)

स्तर/तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
बर्दिवास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बर्दिवास, महोत्तरी।

बिषयःस्तर/तह वृद्धि गरीपाउँ।

प्रस्तुत विषयमा यस बर्दिवास नगरपालिकाको तह वृद्धि सम्बन्धी मिति...................... गते प्रकाशित सूचना अनुसार हाल म तपशिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि / तह मिलान हुन योग्य रहेको हुँदा देहाय बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु।

तपशिल

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपी।
२. समायोजन पत्रको प्रतिलिपी ।
३. बढुवा/स्तरवृद्धि/तह वृद्धि भएको पत्रको प्रतिलिपी।
४. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।

| हाल कार्यरत पद | स्तर/तहवृद्धि/मिलान गरिने पद |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समूह/उपसमूहः | समूह/उपसमूहः |
| स्तर/तह | स्तर/तह |
| कार्यालय | कार्यालय |

यस निवेदनमा उल्लेख गरिएका सबै व्यहोरा ठिक साँचो छ, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकः

नामः
कर्मचारी संकेत नंः
दस्तखत :

रामनाथ अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि २
कार्यविधिको दफा ७ को ३ सँग सम्बन्धित
तह वृद्धि पत्रको ढाँचा

मितिः ..............

विषयः स्तर/तह वृद्धि गरिएको सम्बन्धमा।

महाशय,

तपाईलाई यस बर्दिवास नगरपालिकाको मिति................गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१को दफा २९ को उपदफा........बमोजिम मिति ................ गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपशिल बमोजिम तह वृद्धि/तह मिलान गरिएको छ।

तह वृद्धि/तह मिलान हुनुभएकोमा हार्दिक बधाई तथा कार्यसफलताको कामना गर्दछु ।

तपशिल

| हाल कार्यरत पद | स्तर/तहवृद्धि/मिलान गरिएको पद |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समूह/उपसमूहः | समूह/उपसमूहः |
| स्तर/तह | स्तर/तह |
| कार्यालय | कार्यालय |
| नियुक्ति/बढुवा मितिः | जेष्ठता लागु हुने मितिः |

श्री ..............
कर्मचारी संकेत नं............

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।
श्री लोकसेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री राष्ट्रिय किताबखाना (निजामती), पूलचोक, ललितपुर।
श्री प्रदेश लोकसेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम।
श्री प्रदेश किताबखाना, मधेश प्रदेश, जनकपुरधाम।
श्री नागरिक लगानी कोष, नयाँबानेश्वर, काठमाण्डौ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, महोत्तरी।
श्री कर्मचारी संचयकोष, जनकपुरधाम, धनुषा।
श्री आर्थिक प्रशासन शाखा, बर्दिवास नगरपालिका महोत्तरी।

रामनाथ अधिकारी
प्रमुख प्रशासकीय अधिकृत